नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार काठमाण्डौ
(सुशासन प्रवर्द्धन शाखा)

फोन :४२००३०९
:४२००२८१
फ्याक्स :४२००३२२

पत्र संख्या:- सुशा./०७४/७५
चलानी नं.:- ११४

मिति:- २०७४।६।४

विषय: सुझाव कार्यान्वयन सम्वन्धमा ।

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग,
जावलाखेल, ललितपुर ।
श्री स्थानीय तहहरु (सवै ७५३)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. भ.नि. ०७३/७४ च.नं. ४७९ मिति २०७४।५।११ को पत्रानुसार सोलुखुम्वु जिल्लाको तिङला सल्यान कृषि सडकमा साविक जि.वि.स. सोलुखुम्वु मार्फत उपभोक्ता समिति गठन भई सडक खन्ने कार्य भएकोमा सोही सडकमा डोजरलाई तेल हाल्ने भनी साविक सल्यान गा.वि.स. वाट समेत रु. १२,००,०००।- (अक्षेरेपी वाह्र लाख) खर्च गरेको देखिएकोले सो खर्चलाई नियमित मान्न नसकिने भन्ने आयोगमा दर्ता हुन आएको उजुरीका सम्वन्धमा विस्तृत अनुसन्धान हुँदा एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. भ.नि. ०७३/७४ च.नं. ४८० मिति २०७४।५।११ को पत्रानुसार सोलुखुम्वु जिल्लाको शिकारी खोल्सीवाट छत्र वहादुरको घर पछाडिसम्म साविक जि.वि.स. सोलुखुम्वुको वजेटवाट उपभोक्ता समिति मार्फत खनिएको सडक खण्ड हर्कपुर ओखलढुंगा सडक आयोजनावाट उपभोक्ता समिति बनि नायायण कुमार खड्काले दोहोरो नाप जाँच गराई अनियमितता गरेको भन्ने आयोगमा दर्ता हुन आएको उजुरीका सम्वन्धमा विस्तृत अनुसन्धान हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ वमोजिम आयोगको मिति २०७४।२।१८ को निर्णयानुसार तपसिलको सुझावहरु प्राप्त भएकोले उक्त सुझावहरु कार्यान्वयनको लागि सवै स्थानीय तहहरुलाई एवं स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागलाई समेत लेखि पठाउने भनी नेपाल सरकार (सचिवस्तर) को मिति २०७४।५।२९ को निर्णयानुसार अनुरोध छ ।

**तपसिल**

क) दुई वा सो भन्दा बढी सरकारी निकायले एउटै ठाउँ, शिर्षकमा वजेट विनियोजन गरी विकास निर्माण कार्यगर्दा एक आपसमा समन्वय गरी दोहोरो भुक्तानी नहुने गरि काम गर्न ।

ख) समान प्रकृतिको कामको एउटै ठाउँमा फरक फरक दररेट देखिएकोमा उपयुक्त नर्म्स प्रयोग गरि दररेट विश्लेषण गर्न ।

ग) उपभोक्ता समिति मार्फत काम गराउदा स्थानीय शासन निर्देशिका तथा अन्य प्रचलित कानून बमोजिम जनसहभागिता हुने गरि मात्र निर्माण कार्य गर्न ।

०७४।६।४

शेखर निधि पौड्याल
शाखा अधिकृत

**वोधार्थ:**

श्री सूचना तथा विद्युतिय शासन शाखा:- पत्र मन्त्रालयको Website मा Upload गरिदिनु हुन ।